वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सम्पर्कहोस् ।

जिल्ला विकास समिति, कास्की
वैदैशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा,पोखरा-११
फोन:०६१-५२०४७२, ४८५६७२५४७२,४८५३७५४२७७

हाम्रा सेवाहरू : शुभ विवाह, व्रतबन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

○वर्ष ८ ○अंक १६७ ○श्रेणी 'क' ○२०७२ चैत्र ९ गते मंगलबार ○ 22 March 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल

चीनमा सम्झौता, पोखरामा खुशीयाली

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ चैत्र ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा पोखरा क्षेत्रीय विमानस्थल निर्माण गर्ने सम्बन्धी ऋण सम्झौतामा हस्ताक्षर भएपछि सरोकार भएका पक्षले खुसी व्यक्त गरेका छन् । लामो समयदेखि चर्चा र परिचर्चामा रहे पनि कुनै पनि काम अगाडि बढ्न नसकेको भन्दै सर्वत्र आलोचना भइरहेको बेला चीन सरकारसँग भएको सम्झौताले आयोजना अगाडि बढ्नेमा आशा पलाएको भन्दै उनीहरुले खुसी व्यक्त गरेका हुन् । चीन सरकारले नेपाललाई सो विमानस्थल निर्माणका लागि २१ अर्ब रुपैयाँ ऋण दिने भएको छ । सहुलियतपूर्ण ऋण सम्झौतामा नेपालका तर्फबाट अर्थमन्त्री विष्णुप्रसाद पौडेलले हस्ताक्षर गरेका हुन् । कुल ऋणमध्ये ७५ प्रतिशतको नेपाले दुई प्रतिशतको हाराहारीमा ब्याज तिर्नुपर्नेछ भने बाँकी रहेको २५ प्रतिशतको भने कुनै ब्याज लाग्नेछैन ।

ऋण सम्झौता भएको प्रति खुसी व्यक्त गर्दै कास्कीका पूर्वसांसद एवम् एकीकृत नेकपा (माओवादी)का नेता राजकाजी गुरुङले विगत ४० वर्षदेखि पोखरेली जनताको चाहना पुरा भएको र आर्थिक समृद्धिको ढोका खोलेको बताएका छन् । उनले पोखरा विमानस्थल ४ नं प्रदेशको आर्थिक समृद्धिको ढोका खोल्ने माध्यम भएको र लामो समयदेखि हुँदै आएको राजनीतिक खिचातानी को समेत अन्त्य भएको बताए । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले सो विमानस्थल निर्माण प्रक्रिया अगाडि बढाउने विषयमा प्रारम्भिक सम्झौता गरेको जानकारी दिँदै उनले हाल एमाओवादी सहभागी सरकारले नै ऋण सम्झौता गरेकाले आयोजना अगाडि बढ्ने विश्वास बढेको उल्लेख गरे ।

केही दिनपहिलेको मन्त्रिपरिषद्को बैठकले सो विमानस्थल अगाडि बढाउने निर्णय गरेको थियो । चिनियाँ ठेकेदार कम्पनी सिएमसीले प्रारम्भिक रुपमा कामसमेत सुरु गरिसकेको छ । सम्झौता भएपछि तीन महिनाको अवधि तयारीका लागि लाग्नेछ । सरकारले केही समयभित्रै सो विमानस्थलको शिलान्यास गर्नेछ । लामो समयदेखि रहँदै आएको प्राप्ति एवम् मुआब्जा वितरणको कामसमेत लगभग सम्पन्न भएको छ । पूर्वमन्त्री एवम् नेकपा एमालेका सचिव भीम पाटीगत रुपमा भन्दा पनि सामूहिक रुपमा नै लागेका भन्दै उनले आगामी चार वर्षभित्र जुनसुकै हालतमा पनि पोखरेलीका लागि हवाई सेवा सञ्चालन गरिने बताए । कार्यान्वयनको चरणमा पर्रियोजना तत्काल अगाडि बढाउनुपर्ने बताउँदै सांसद थापा कुनै पनि बहानाबाजीले अब काम नलाने बताउछन् । ऋण सहयोग चिनियाँ आयात निर्यात बैंकले उपलब्ध गराउनेछ ।

यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा पोखरा क्षेत्रीय विमानस्थल निर्माण गर्ने सम्बन्धी ऋण सम्झौतामा हस्ताक्षर भएपछि पोखरेली तथा पोखराका संघसंस्थाहरुले खुशी व्यक्त गरेका छन् । पोखरामा विमानस्थल बन्ने पटक-पटक आशा पलाएपनि करिब ५ वर्ष कुरामामात्रै सीमित हुँदा पोखरेली निराश हुँदै आएका थिए । अब विमानस्थल बन्ने पक्का पक्की भएपछि पोखरामा विभिन्न संघ-संस्थाहरुले विज्ञप्ति प्रकाशित गरि खुशी व्यक्त गर्नुका साथै सम्झौताको स्वागत गरेका छन् । यसैक्रममा पोखरा उद्योग वाणिज्य संघ र लेखनाथ उद्योग वाणिज्य संघले सोमबार संयुक्त विज्ञप्ति जारी गरि खुशी व्यक्त गर्नुका साथै उक्त कदमको स्वागत गरिएको हो । पोउवासंघका अध्यक्ष विन्दुकुमार थापा र लेउवासंघका अध्यक्ष लक्ष्मी विपाठीले एक संयुक्त विज्ञप्ति जारी गरि खुशी व्यक्त एवं उक्त कदमको स्वागत गरेका हुन् ।

उनीहरुद्वारा जारी विज्ञप्तिमा भनिएको छ-'प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा बहुपक्षीय पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धी अनुदान, ऋण तथा निर्माण प्रक्रियाबारे भएको सम्झौतालै हामी हर्षित भएका छौं । खुसीको यो क्षणमा प्रधानमन्त्री ओली, नेपाल सरकार, अर्थमन्त्री विष्णु पौडेल, चीन सरकार र चिनिया जनताप्रति सम्पूर्ण पोखराञ्चलवासीको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं ।'

सम्झौताले पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका लागि बर्षौंदेखि हुँदै आएको लविङ्र लामो भद्र आन्दोलन सफलिभूत भएको हामीले महसूस गरेको अध्यक्षद्वय थापा र त्रिपाठीले उल्लेख गरेका छन् । उनीहरुले सम्झौतामा हस्ताक्षरसँगै अब विमानस्थलको शीघ्रातिशीघ्र शिलान्यास र निर्माण थालनी हुनेछ भनेमा हामी विश्वस्त रहेको समेत बताएका छन् । प्रदेश नम्बर ४ को राजधानीको रुपमा पहिचान बनाउन चीनसँग सहयोग गरेको छ । पोखरामा विमानस्थल बन्ने पटक-पटक आशा पलाएपनि करिब ५ वर्ष कुरामामात्रै सीमित हुँदा पोखरेली निराश हुँदै आएका थिए । अब विमानस्थल बन्ने पक्का पक्की भएपछि पोखरामा विभिन्न संघ-संस्थाहरुले विज्ञप्ति प्रकाशित गरि खुशी व्यक्त गर्नुका साथै सम्झौताको स्वागत गरेका छन् । यसैक्रममा पोखरा उद्योग वाणिज्य संघ र लेखनाथ उद्योग वाणिज्य संघले सोमबार संयुक्त विज्ञप्ति जारी गरि खुशी व्यक्त गर्नुका साथै उक्त कदमको स्वागत गरिएको हो । पोउवासंघका अध्यक्ष विन्दुकुमार थापा र लेउवासंघका अध्यक्ष लक्ष्मी त्रिपाठीले एक संयुक्त विज्ञप्ति जारी गरि खुशी व्यक्त एवं उक्त कदमको स्वागत गरेका हुन् ।

उनीहरुद्वारा जारी विज्ञप्तिमा भनिएको छ-'प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा बहुपक्षीयता पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण विमानस्थल निर्माणको यो सम्झौताले करिब चारदशकदेखि रोकिएको काम अघि बढ्ने सकारात्मक संकेत देखिएको स्पष्ट पारेका छन् । उनीहरुले कुनै अवरोध नआए बहुपक्षीयता विमानस्थल निर्माणले गति लिनेमा आफूहरु ढुक्क रहेको बताएका छन् । विमानस्थल निर्माणबाट पश्चिमाञ्चल क्षेत्रको आर्थिक विकास र नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान दिने दावी गर्दै उनीहरुले विमानस्थल बनाएर विभिन्न मूलुकसँग पोखरालाई जोड्न सके यसले अहिले भन्दा धेरै संख्यामा पोखरामा विदेशी पर्यटक भित्र्याउने भएकोले नेपालकै लागि यो विकासको कोशेढुंगा हुनेमा आफूहरु आशावादी रहेको बताएका छन् ।

यसैगरी प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका क्रममा पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सोमबार ऋण सम्झौता भएकोमा पश्चिमाञ्चल होटल संघ पोखराले स्वागत गरेको छ । संघका अध्यक्ष भरतराज परजुलीले सोमबार एक विज्ञप्ति प्रकाशित गरी विमानस्थल निर्माण गर्न भरुको यो सम्झौतालाई दुरगामी असर पार्ने निर्णय भनी स्वागत गरेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणको क्रममा भएको यो सम्झौताले पोखरा र नेपालकै विकासमा महत्वपूर्ण योगदान पुग्ने अध्यक्ष परजुलीले उल्लेख गरेका छन् । सम्झौता अनुसार विमानस्थलका लागि चीनको एक्जिम बैंकबाट २१ अर्ब रुपैयाँ कर्जा उपलब्ध हुनेछ । चार दशक लामो पोखरेली सपना साकार हुने ठोस कदम अगाडि बढेको छ, पराजुलीले जनाएका छन् ।

नेपाल र चीनबीच पोखरा विमानस्थल निर्माणबारे तीनवटा समझदारी भएका हुन् । यो सम्झौता नेपालका तर्फबाट अर्थमन्त्री विष्णु पौडेलले हस्ताक्षर गरेका छन् भने सम्झौता पछिको पहिलो विषय पोखरा विमानस्थल निर्माणसम्बन्धी छ । दोस्रोमा अन्तर्राष्ट्रिय स्तरको विमानस्थल निर्माणका लागि चीन सरकारले बिना ब्याज २५ प्रतिशत ऋण उपलब्ध गराउने छ । बाँकी एक्जिम बैंकले उपलब्ध गराउने ऋणमा करिब २ प्रतिशतमात्रै ब्याज लाग्नेछ । बिना ब्याजको रकम चीन सरकारले दिनेछ भने बाँकी ऋण त्यहाँको एक्जिम बैंकले उपलब्ध गराउनेछ ।

विमानस्थल निर्माणको यो सम्झौताले करिब चारदशकदेखि रोकिएको काम अघि बढ्ने सकारात्मक संकेत देखिएको स्पष्ट पारेका छन् । उनीहरुले कुनै अवरोध नआए बहुपक्षीयता विमानस्थल निर्माणले गति लिनेमा आफूहरु ढुक्क रहेको बताएका छन् । विमानस्थल निर्माणबाट पश्चिमाञ्चल क्षेत्रको आर्थिक विकास र नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान दिने दावी गर्दै उनीहरुले विमानस्थल बनाएर विभिन्न मूलुकसँग पोखरालाई जोड्न सके यसले अहिले भन्दा धेरै संख्यामा पोखरामा विदेशी पर्यटक भित्र्याउने भएकोले नेपालकै लागि यो विकासको कोशेढुंगा हुनेमा आफूहरु आशावादी रहेको बताएका छन् ।

यसैगरी प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका क्रममा पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सोमबार ऋण सम्झौता भएकोमा पश्चिमाञ्चल होटल संघ पोखराले स्वागत गरेको छ । संघका अध्यक्ष भरतराज परजुलीले सोमबार एक विज्ञप्ति प्रकाशित गरी विमानस्थल निर्माण गर्न भरुको यो सम्झौताले दुरगामी असर पार्ने निर्णय भनी स्वागत गरेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणको क्रममा भएको यो सम्झौताले पोखरा र नेपालकै विकासमा महत्वपूर्ण योगदान पुग्ने अध्यक्ष परजुलीले उल्लेख गरेका छन् । सम्झौता अनुसार विमानस्थलका लागि चीनको एक्जिम बैंकबाट २१ अर्ब रुपैयाँ कर्जा उपलब्ध हुनेछ । चार दशक लामो पोखरेली सपना साकार हुने ठोस कदम अगाडि बढेको छ, पराजुलीले जनाएका छन् ।

नेपाल र चीनबीच पोखरा विमानस्थल निर्माणबारे तीनवटा समझदारी भएका हुन् । यो सम्झौता नेपालका तर्फबाट अर्थमन्त्री विष्णु पौडेलले हस्ताक्षर गरेका छन् भने सम्झौता पछिको पहिलो विषय पोखरा विमानस्थल निर्माणसम्बन्धी छ । दोस्रोमा अन्तर्राष्ट्रिय स्तरको विमानस्थल निर्माणका लागि चीन सरकारले बिना ब्याज २५ प्रतिशत ऋण उपलब्ध गराउने छ । बाँकी एक्जिम बैंकले उपलब्ध गराउने ऋणमा करिब २ प्रतिशतमात्रै ब्याज लाग्नेछ । बिना ब्याजको रकम चीन सरकारले दिनेछ भने बाँकी ऋण त्यहाँको एक्जिम बैंकले उपलब्ध गराउनेछ ।



ओली-सि जिनपिङबीच भेटवार्ता

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ८ चैत्र ।

प्रधानमन्त्री केपी ओली र चीनका राष्ट्रपति सि जिनपिङबीच भेटवार्ता भएको छ । उनले चिनियाँ राष्ट्रपतिलाई राष्ट्रपति विद्यादेवी भण्डारीको तर्फबाट निमन्त्रणा पत्र समेत हस्तान्तरण गरेका छन् । चीनको साताव्यापी भ्रमणको लागि बेइजिङमा रहेको प्रधानमन्त्री ओली र राष्ट्रपति सि बीच सोमवार बेलुका भेटवार्ता भएको हो । उनले सोमवार बिहान आफ्ना चिनिया समकक्षी सि खड्गयाडलाई भेटेर आफ्नो राजनीतिक भेटघाट थालेका थिए । उक्त भेटमा उनले लीसंग १५ मिनेट जति एक्ला एक्लै भेटेका थिए । चीन तर्फबाट उच्चस्तरको भ्रमणबारे आफूहरुले अपेक्षा गरेको पनि बताएका थिए । उनले आफ्नो तर्फबाट समकक्षी लिलाई नेपाल भ्रमणको निमन्त्रणा समेत दिएका छन् । उनलाई त्यहाँ राम्रो सम्मान समेत दिइएको थियो । त्यसपछि उनले विभिन्न १० वटै सम्झौता तथा समझदारीपछि राजनीतिक घेटघाटको क्रममा राष्ट्रपति सीसंग शिष्टाचार भेट भएको हो । उक्त भेटमा ओलीलाई नेपालको पछिल्लो अवस्थाको बारेमा सिले जिज्ञासा राखेका भ्रमण बलका एक सदस्यले जानकारी दिएका छन् ।

सिसंगको भेटमा ओलीले नेपालको राजनीतिक अवस्थाबारे र भूकम्पपछिको पुनर्निर्माणको कार्य जानकारी गराउँदै इंडेपेडीय सम्बन्ध र चीनको सहयोगको बारेमा छलफल गरेका थिए । प्रधानमन्त्रीले संविधान जारी भएपछि नेपाल अब विकासको कार्यमा अघि बढेको भन्दै चीनको सहयोगको लागि समेत आग्रह गरेका हुन् । उनले चिनियाँ समकक्षी सँग पनि यही कुरा दोहोऱ्याएका थिए ।

होलीमा कास्की प्रशासनको कडाइ

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ चैत्र ।

रंगहरुको पर्व होली मंगलवार मनाईदैछ । होलीको दिन बाटो हिड्दै गरेका, आफ्नै साथीभाइको साथै अन्य कसैमाथि जबरजस्ती रंग दल्ने सूरसा हुनुहुन्छ भने सावधान ! स्थानीय प्रशासनले जबरजस्ती लोला हान्ने र रंग दल्नेलाई कारवाही गर्ने भएको छ ।

जिल्ला प्रशासन कार्यालय कास्कीले सोमवार सूचना प्रकाशित गरी होलि पर्वको अवसरमा एक अर्कोको इच्छा विपरीत जबर्जस्ती रंग दल्ने, प्लाष्टिकजन्य लोला हान्ने, फोहोर पानी छ्याप्ने तथा महिला, बालबालिका लगायत बाटोमा हिड्ने व्यक्तिहरुलाई अनावश्यक दुख हैरानी दिने कार्य नगर्न सचेत गराएको छ । यस्ता कार्य प्रचलित कानून विपरित भएकाले सचेत रहन स्थानीय प्रशासनले आग्रह गरेको हो । 'इंच्छा विपरित रंग दल्ने, प्लाष्टिकजन्य लोला हान्ने, फोहोर पानी छ्याप्ने तथा आफ्ना गन्तव्यमा हिंडिरहेका यात्रीहरुलाई अनावश्यक दुख दिने काम कोहि कसैले पनि नगर्नु/नगराउनु हुन र वातावरण तथा जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने त्यस्ता प्लाष्टिकजन्य लोलाको आयात समेत नगर्नु हुन जिल्ला प्रशासन कार्यालय कास्की हार्दिक अनुरोध गर्दछ ।'

विज्ञप्तिमा भनिएको छ । सूचनाको बर्खिलाप हुने गरी कुनै पनि कार्य गरे/गराएमा प्रचलित कानून बमोजिम कारवाही गर्ने स्थानीय प्रशासनले जनाएको छ ।

हृयारी आज पोखरा आउँदै

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ चैत्र ।

बेलायती राजकुमार हेनरी चार्ल्स अल्बर्ट डेभिड ह्यारी आज मंगलवार पोखरा आउँदै छन् । नेपालको औपचारिक पाँचदिने भ्रमणमा चैत ६ गते राजधानी काठमाडौं आइपुगेका ह्यारी मंगलवार पोखरा आउने भएका हुन् । कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद रेग्मीका अनुसार पोखरा लामाचौरस्थित विट्रिस क्याम्पमा हुने एक समारोहमा सहभागी भई ह्यारी मंगलवार नै काठमाडौं फर्केने कार्यक्रम छ । बेलायती राजदूतावासका अनुसार सुन्दर पर्यटकीय नगरी पोखराको प्राकृतिक दृश्यावलोकन गर्न ह्यारी पोखरा आउन लागेका हुन् । नेपाल र बेलायतबीच कूटनीतिक सम्बन्ध स्थापना भएको २०० वर्ष पुगेको अवसर पारेर पारस्परिक सम्बन्धका दुई शताब्दीलाई चिरस्मरणीय तुल्याउन बेलायतकी महारानीका प्रतिनिधिका रूपमा आएका ह्यारीको पोखरा भ्रमणलाई महत्वपूर्ण अवसरका रुपमा पोखरेलीले लिएका छन् । पोखरा रङ्गशाला उनी बीरता र पराक्रमसम्बन्धी कार्यक्रममा सोखी सैनिकका परिवारजनसित पनि भलाकुसारी गर्ने लगायतका कार्यक्रममा सहभागी हुनेछन् ।




बालगृह कानूनीरुपमा संचालन गर्न आग्रह

पोखरा ८ चैत्र ।(गोल्डेन)

कास्कीमा रहेका बाल संरक्षण गृहहरुलाई कानूनी मपदण्ड पुरा गरेर मात्र सञ्चालन गर्न जिल्ला बालकल्याण समितिले आह्वान गरेको छ । एसओएस बालग्रामद्वारा सञ्चालित गुणस्तरीय हेरचाह सम्बन्धी बालगृह सञ्चालकहरुलाई पोखरामा दिइएको दुई दिने अभिमुखीकरण कार्यक्रममा जिल्ला बाल कल्याण समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पैनालीले कार्यक्रम उद्घाटनका अवसरमा सो कुरा बताएका हुन् । सो अवसरमा उनले नेपाल सरकारले अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धिमा हस्ताक्षर गरेपछि बाल अधिकारका विषयमा महत्वपूर्ण कार्यहरु भैरहेको र अझै पनि बालगृह सञ्चालकहरुसँग सहकार्य गरी अगाडि बढ्न सरकार तयार रहेकोले सरकारको ऐन नियम भित्र रहि बालगृह सञ्चालन गर्न आह्वान गरेका हुन् । नेपालमा ५ सय ९४ बालगृह रहेको र त्यहाँ १६ हजार १ सय १७ बालबालिकाहरुले आवासीय सुविधा लिइरहेका अवस्थामा आज्सी जिल्लामा हालसम्म सम्पर्कमा आएका ६३ बालगृहहरुमा १४ सय ४२ ७ सय ६४ बालिका र ६ सय ७८ बालक बालबालिकाहरुले आवासीय संरक्षण लिएको कार्यक्रमका अवसरमा आवासीय बालगृहहरुको अध्ययन प्रतिवेदन समेत सार्वजनिक गर्दै उक्त जानकारी गराइएको थियो ।

एसओएस बालग्राम गण्डकी र जिल्ला बालकल्याण समितिको संयोजनमा भएको कार्यक्रममा बालगृहमा राखिएका बालबालिका हरुका लागि मेरो हेरचाह गर्नुहोस कार्यक्रम अन्तर्गत गुणस्तरीय हेरचाह अभियानका संयोजक सुरमा पोखरेलको अध्यक्षतामा भएको अभिमुखीकरण कार्यक्रममा जिल्ला महिला तथा बालबालिका कार्यालय प्रमुख लक्ष्मी जिसीले आवासीय बालगृह सञ्चालन निर्देशिका मापदण्ड २०६९ तथा बालबालिका राष्ट्रिय नीति २०६९ बमोजिम रहनेगरी बालबालिकाको सर्वोत्तम हितमा रहेर काम गर्न बालगृह संचालकहरुलाई सुझाएकी थिइन । दुई दिनसम्म चलेको कार्यक्रममा एसओएस बालग्राम गण्डकीका निर्देशक भगतकुमार श्रेष्ठ, सेप नेपालका महासचिव रविन नेपाली, जिल्ला बाल अधिकृत बद्रीप्रसाद वाग्ले तथा गुणस्तरीय हेरचाह अभियानका संयोजक सुरमा पोखरेलले सहजीकरण गरेका थिए । कार्यक्रममा कास्कीमा सञ्चालित २० वटा बालगृह सञ्चालक तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सुन्दर हेयर एण्ड ब्यूटी
हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मुकुता साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेंडी केयर, पेडी केयर पनि गरिन्छ ।
प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।



सम्पर्क: ५८४६८५५३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग में किन ?
• तपाईले खोजेका कुनैपनि गुणस्तरीय कापडका कपडाहरुका लागि,
• तपाईले मनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
• आकर्षक तथा आधुनिक डिजाइहरुका लागि,
• आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेसिन प्रयोग गरिने,
• यहाँको भाषा, संस्कार र विश्वासको विरुद्धरुपमा लागि,
• अर्डर बमोजिम आफिस, क्लब, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
हजौं वर्षादेखि सर्वै बबिन टेलरिङ्गबाट सिलाई सिद्धिइ...
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
महादेव, पोखरा (नयाँबसपार्क)
फोन: ०६१-५२०४७२
Ashwin OCM Bulli

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

सम्पादकीय ...

ठगी गर्नेलाई कार्वाही गर

सरकारी मातहतको नेपाल आयल निगमका ठगी र अनियमितताका काण्डहरु बेलाबेला चर्चामा आउने गर्दछन् । निगममित्र खुलेआम भ्रष्टाचार हुँदा पनि सरकार बेखबरजस्तै छ । भारतीय नाकाबन्दीको समयमा कालोबजारी बढाउने काम निगमले नै गऱ्यो । निगमका कर्मचारीको मिलेमतोमा इन्धनको कालोबजारी यतिसम्म मौलायो कि सरकार निरीह नै बन्यो । पम्पबाट उपभोक्ताले कम परिमाणमा तेल पाउने गुनासो बढेपछि सरकारले पम्प सञ्चालकलाई कार्वाहीको दायरामा ल्याएपछि मिटर बिगारेर तेलमा ठगी गर्नेहरु हच्किए । तर विडम्बना ! वर्षौंदेखि नेपाल आयल निगमले नै तेलमा ठगी धन्दा गर्दै आएको तथ्य बाहिर आएको छ । सरकारी अनुगमनका क्रममा निगम आफैंले तोकिएको परिमाणको रकम असुल गरी पम्पलाई घटी परिमाणमा इन्धन उपलब्ध गराइरहेको भेटिएको छ । निगमको थानकोट, अमलेखगन्ज, बीरगन्ज, भापा, दाङ, सुर्खेतलगायतका डिपोबाट वर्षौंदेखि ठगी धन्दा गर्दै आएको रहस्य खुलेको हो । एकातिर सरकारी स्वामित्वकै निगमले संस्थागत रुपमा ठगी गर्ने र अकोंतिर पम्प सञ्चालकले मिटर बिगारेर परिमाणमा ठगी गर्ने कारण उपभोक्ता दोहोरो मारमा पर्ने गरेका छन् । नेपालमा नियमन गर्ने संयन्त्र नै फितलो भएका कारण ठगी धन्दा मौलाउने गरेको छ । निजी क्षेत्रका पम्पले कम परिमाणमा पेट्रोलियम पदार्थ बिक्री गर्दा कालोबजारी मुद्दा लाग्ने गरेको छ । तर, सरकारकै संस्थानले वर्षौंदेखि ठगी धन्दा गर्दै आएको सरकारी अनुगमनबाटै खुलेपछि उसलाई कालोबजारी ऐनअन्तर्गत मुद्धा लाग्ने कि नलाग्ने ? सरकारले निगमको कर्तुतबारे जानकार भएर पनि कार्वाही गर्न नसक्नु कालोबजारीलाई सरकारले नै प्रश्रय दिएको प्रस्ट भएको छ । नेपाल पेट्रोलियम डिलर्स एसोसिएसनले सबै पेट्रोल पम्पमा गरी निगमले दैनिक पाँच हजार लिटरसम्म कम परिमाणमा इन्धन उपलब्ध गराएर ठगी गर्दै आएको जनाएको छ । निगमले तोकिएको परिमाणको रकम अशुल गरी पम्पलाई घटी परिमाणमा इन्धन उपलब्ध गराएको उजुरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा दर्ता भएको १५ महिनासम्म पनि निगममाथि कार्वाही भएको छैन । निगमको काला कर्तुत ढाकछोप भइरहने र उजुरी गर्दासमेत कार्वाही नगरिनुले उपभोक्ता अधिकारको हनन् भएको छ । निगमबाट कम परिमाणमा इन्धन आइरहेको जानकारी राख्ने पम्पले पनि ठगी गर्दैनन् भन्ने कुनै आधार छैन । नेपालमा सञ्चालित सबै पेट्रोल पम्प विश्वसनीय नरहेको अनुगमनका क्रममा मिटर बिगारेर ठगी गरेको भेटिएबाटै प्रमाणित हुन्छ । विभिन्न बहानामा ठगी गर्ने गिरोहका कारण उपभोक्ता मारमा पर्ररहेका छन् । नियमन गर्ने निकायको ढिलासुस्ती र सरकारले नै कालोबजारीलाई प्रश्रय दिने गरेका कारण भ्रष्टहरुको मनोबल बढ्दै गएको छ । वेधिति र भ्रष्टाचार बढेको छ । अनियमितता निजी होस् या सरकारी, सर्वसाधारण होस् या उच्चपदस्थ, सबैका लागि कारवाहीको दायरा एउटै हुनुपर्छ । कानूनी राज्यको स्थापनाका लागि निगमको ठगी प्रकरणमाथि यथाशीघ्र कार्वाही हुनु जरूरी छ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल चैत्र ९ गते मंगलबार, तदनुसार मार्च २२ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कलियुगाब्द संवत्सर:-, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार फाल्गुनशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज फाल्गुनशुक्लपक्षकी चतुर्दशी तिथि १७ घटि ७ पला अर्थात दिनमा १ बजेर ०१ मिनिटसम्म त्यसउप्रान्त पूर्णिमा तिथि लाग्नेछ आज सूर्य मीन राशिमा,चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ आज दिनमान ३० घटि १२ पलाको रहनेछ आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १७ मिनिटमा जयदेव मूहूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर १४ मिनेटमा हुनेछ

आजको राशिफल

मेष : राज भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने ।

वृष : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

मिथुन : आफन्तसँग झगडा हुने, कार्यमा विऽनबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

कर्कट : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टसिँसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन रामो छ ।

सिंह : यात्रा असफल, खानामा गडबडी हुन सक्ने, कार्य अधुरा रहनेछन्, छोराछोरीले सताउने, वायु रोगले सताउने ।

कन्या : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने

तुला : गुर्मेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन रामो छ ।

वृश्चिक : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु बृद्धि हुने ।

धनु : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

मकर : विद्यामा प्रगति हुनेछ, प्रेम प्रस्ङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक बृद्धि हुन सक्ने, दिन शुभ छ ।

कुम्भ : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

मीन : मानसिक पीडा थपिनेछ, प्रेममा विछोड हुन सक्नेछ , आयश्रोत घट्ने, पारिवारिक झमेला हुनसक्ने ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

केन्द्रीय समितिमा राई, मगर र थारुको प्रतिनिधित्व शून्य

विष्णु बुढाथोकी

नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधिले पार्टीको १३औं महाधिवेशनलाई नयाँ कार्यसमिति चयन गर्दै सम्पन्न गरे। वैचारिक र सैद्धान्तिक बहसले कुनै स्थान नपाए पनि लोकतान्त्रिक विधि, प्रक्रिया र अभ्यासका हिसाबले कांग्रेसको यो अधिवेशन अब्बल थियो। देशभित्र र बाहिर रहेर कांग्रेसको यो अधिवेशनलाई नियाल्नेले शेरबहादुर देउवा नेतृत्वको नयाँ कार्यसमितिले पार्टीलाई एकताबद्ध र सुदृढ बनाउँछ कि बनाउँदैन भनी चासो देखाउनु स्वाभाविक हो।

तर महाधिवेशनको वस्तुनिष्ठ विश्लेषण गर्ने हो भने,महाचुनावको परिणामले कांग्रेसका लागि केही अशुभ संकेत दिएको छ। नेपाली राजनीतिमा देखिएका पाँचवानको दरार कांग्रेस महाधिवेशनमा अझ प्रष्ट रुपमा देखियो, जसलाई नेतृत्वले सफलतापूर्वक व्यस्थापन गर्न सकेन। नयाँ नेतृत्वले समयमा नै समस्या पहिचान गर्न र समाधानको बाटो लिन सकेन भने यसले कांग्रेसका लागि माथै नभएर सिंगो मुलुकका लागि अनिष्टको विजारोपण गर्नसक्छ।

राज्यका सबै निकायमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम र पिछडिएको समुदायको प्रतिनिधित्वको विषयलाई मौलिक हकका रुपमा यसअघिकोन र हालै जारी नयाँ संविधानले नै प्रत्याभूत गरेको छ। यसलाई आंशिक रुपमा भए पनि कांग्रेसको विधानले आत्मसाथ गर्ने प्रयत्न यसअघिकै महाधिवेशनबाट गर्दै आएको छ। तर संविधानको भावना अनुसार कांग्रेसले न आफ्नो विधान नै परिमार्जन गर्न सक्यो न त विद्यमान विधानभित्रै लक्षित समुदायको उचित प्रतिनिधित्वको सुनिश्चितता ता गर्न सक्यो। तर महाधिवेशनको नतिजाले न त संविधानको भावनालाई नै पूर्ण रुपमा आत्मसात गर्न सक्यो, न त कुनै क्षेत्र, जाति, समुदाय र लिंग विशेषले परिवर्तित समयमा राखेका अपेक्षा र भावनालाई नै सम्बोधन गर्यो । खुला र आरक्षणबाट चुनिएका कांग्रेस नेताहरुको उपस्थितिलाई विश्लेषण गर्दा उक्त कुरा प्रष्ट रुपमा देखिन्छ । पाटीको विधान अनुसार २५ जना केन्द्रीय सदस्यका लागि भएको निर्वाचन र त्यसको परिणाम हेर्ने हो भने कांग्रेसभित्र यो संख्या स्थापित निश्चित वर्ग र समुदाय बाहेकका मानिसका लागि होइन भन्ने देखिएको छ। पार्टीको १२ औं महाधिवेशनमा कोषाध्यक्ष पदमा पराजित पद्मनारायण चौधरीले यसपटक खुला २५ केन्द्रीय सदस्यका लागि उम्मेद्वारी दिएका थिए उनका साथै महिला कोटाबाट दुईपटक केन्द्रीय सदस्य बनेकी डिना (महालक्ष्मी) उपाध्यायले पनि खुलातर्फकै केन्द्रीय सदस्यका लागि उम्मेदवारी दिइन्। तर चौधरी र उपाध्याय क्रमशः २६औं र २९औं स्थानमा पुगे।

चुनावी प्रतिस्पर्धामा उत्रिएपछि यी दुवै व्यक्तिहरुले जित्ने अभिलाषामा पराजयलाई आत्मसाथ गर्ने क्षमता नराखी उम्मेद्वारी दिएका थिएनन्। उनीहरू दुवैले जसरी पनि जित्नुपर्छ भन्ने मान्यताबाट गुज्रिएको भए सायद यी दुवैका लागि वैकल्पिक उपाय नभएको होइन। चौधरीका लागि जनजाति वा मधेसी आरक्षण कोटाका अतिरिक्त दुई नम्बर प्रदेशबाट पनि उम्मेदवार हुनसथै होइन, विजय हासिल गर्न सक्ने परिस्थिति पनि थियो। तर राष्ट्रिय राजनीतिमा आफ्नो बेग्लै स्थान बनाएका चौधरीले संविधान र पार्टी विधानले पारिकल्पना गरेको आरक्षणको व्यवस्था कुनै व्यक्ति विशेष नभएर राज्यको मूल प्रवाहमा अवसर नपाएर पछाडि परेका समुदायका लागि हो भन्ने बुझाइ राखी आफू पटक-पटक केन्द्रीय सदस्य, सांसद र मन्त्रीसमेत बनेको यथार्थतालाई आत्मसात गरे र खुलातर्फ नै उम्मेदवारी दिए।

विडम्बना नै मान्नुपर्छ, मुलुकको कुल जनसंख्याको ७ प्रतिशत हिस्सा ओगट्ने थारु समुदायबाट प्रतिनिधित्व गर्नुपर्ने आवश्यकता कांग्रेसको त्यो सभाले महसुस नै गर्न सकेन र उनी पराजित भए यो पराजयले चौधरीको व्यक्तिगत राजनीतिमा कुनै असर पर्दैन र पार्नु पनि हुँदैन। तर चौधरीको पराजयले मुलुकको राष्ट्रिय राजनीतिमा भने पक्कै असर पाछ। जसलाई कसैले चाहेर वा नचाहेर छेक्न सक्दैन। अर्कोतर्फ, आधा जनसंख्या ओगट्ने महिला समुदायका सदस्यहरू निर्वाचित भएको यसो भनेर त्यस प्रदेशबाट निर्वाचित भएका पुराना नेताद्वय आनन्दप्रसाद ढुंगाना र रमेश रिजालले अपमानित गर्न खोजिएको होइन। तर प्रदेश सदस्यका लागि भएको मतगणना को परिणामले त्यही देखाएको छ। मतगणनाकै क्रममा जब कुनै मतपत्रमा ढुंगाना र रिजालको नाम आउँथ्यो, त्यसपछि मतगणनाका लागि बसेका प्रतिनिधि भने गर्व-यो पहाडियाको मत हो। त्यसपछि यदि कुनै मत हरेस मर्दो र तेजुलाल चौधरीको नाममा आएमा उनीहरू नै भन्थे-यो मधेसीकै मत हो।

कार्कोतर्फ, जनजातिको परिणाम पनि त्योभन्दा फरक थिएन। कुनै बेला देवानसिंह राई, बलबहादुर राईजस्ता चर्चित हस्तीहरुको साथ पाएर पूर्वी पहाडमा बलियो संगठन बनाएको कांग्रेसले अहिले उनीहरुका यो पाटीका निम्ति आफ्नो रगत र पसिना बगाएका थिए। तर यसपटकको अधिवेशनमा यो मान्यता खण्डित भएको छ।

यो आरोप कुनै कोरा कल्पनाका आधारमा लगाउनले धृष्टता गरेको होइन। तथ्यहरूले प्रमाणित गर्छ। खुला २५ तर्फको केन्द्रीय सदस्यमा पाटीका पुराना नेताहरू कुलबहादुर गुरुङ, विमलेन्द्र निधि, प्रकाशमान सिंह, धनराज गुरुङ र सुजाता कोइरालाबाहेक अघवादमा कुनै जनजाति, दलित, मधेसी, थारु वा मुस्लिम र महिला प्रतिनिधि निर्वाचित हुन सकेनन्।

यो अधिवेशनको सबैभन्दा खतरनाक संकेत भनेको अहिलेको समाजमा मधेसी समुदायप्रतिको व्यवहार हो। यसलाई अधिवेशनले अझै पष्ट्याएको छ। पहाडी समुदायको बाहुल्यता रहेको कांग्रेस महाधिवेशनले मधेसी समुदायको न कुनै महिलालाई महिला आरक्षणको ६ सिटमा, न त कुनै मधेसी दलितलाई दलित ५ सिट वा कुनै मधेसी जनजातिलाई जनजाति समुदायका निम्ति छुट्टाइएको ५ सिटमा निर्वाचित गर्न सक्यो। यी सबै कोटामा पहाडिया आदिवासी जनजाति, महिला र दलितकै वर्चस्व रह्यो। त्यतिमात्रै होइन, मधेसी समुदायको वाहुल्यता रहेको दुई नम्बर प्रदेशबाट गैर-मधेसी समुदायका सदस्यहरू निर्वाचित भएको यसो भनेर त्यस प्रदेशबाट निर्वाचित भएका पुराना नेताद्वय आनन्दप्रसाद ढुंगाना र रमेश रिजाललाई अपमानित गर्न खोजिएको होइन। तर प्रदेश सदस्यका लागि भएको मतगणना को परिणामले त्यही देखाएको छ। मतगणनाकै क्रममा जब कुनै मतपत्रमा ढुंगाना र रिजालको नाम आउँथ्यो, त्यसपछि मतगणनाका लागि बसेका प्रतिनिधि भने गर्व-यो पहाडियाको मत हो। त्यसपछि यदि कुनै मत हरेस मर्दो र तेजुलाल चौधरीको नाममा आएमा उनीहरू नै भन्थे-यो मधेसीकै मत हो।



रैमधेसीको तुलनामा न्यून थियो। विकल्प नभएर मात्रै यादव निर्वाचित भएकी हुन् भन्नु सत्यताबाट टाढा नहोला।

कांग्रेस महाधिवेशनको यो परिणाम पहिलो भने पक्कै होइन। करिब दुई वर्षअघि सम्पन्न दोस्रो ठूलो दल नेकपा एमालेे अधिवेशनमा पनि यही पर्कतिको परिणाम मधेसको सबालमा देखिएको थियो। सांघिव पडका राईजस्ता चर्चित हस्तीहरुको साथ पाएर पूर्वी पहाडमा बलियो संगठन बनाएको कांग्रेसले अहिले उनीहरुका उत्तराधिकारी रोज्न र खोज्न सकेन। पश्चिम पहाडमा जनसंख्याको हिसाबले बलियो उपस्थिति भएको मगरहरूको विषयदेखि नयाँ संविधानमा पश्चिम तराईको भू-भाग थारुवान हुनुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएको थारु, मधेसी र मुस्लिम समुदायको विषयमा पनि कांग्रेस अधिवेशनले कुनै न्याय गर्न आवश्यक ठानेन।

दलितको सवालमा पनि परिणाम त्यही भयो पार्टीको ११ औं महाधिवेशनमा १८ जना सदस्यका लागि स्थापित नेताहरूसँग प्रतिस्पर्धा गरी निर्वाचित भएका सांसद मानबहादुर विश्वकर्मादेखि, दलित संघका अध्यक्ष एवम् सांसद मीन विश्वकर्मा र निर्वतमान सदस्य एवम् सांसद जीवन परियारबाहेक कुनै नयाँ अनुहार या मधेसी दलितले त्यहाँ अवसर पाउन सकेनन्। दलित महिलाको हकमा पनि परिणाम त्यही देखियो तीन प्यानलमध्ये यदि कुनै प्यानलबाट गैरमधेसी उम्मेद्वार आगाडि सारिएको भए मधेसी समुदायबाट पर्याप्तकरीमा एकमात्र निर्वाचित कोषाध्यक्ष सीतादेवी यादव पनि सम्भवतः पराजित हुने थिइन्। कारण, महाधिवेशनमा मधेसी समुदायको प्रतिनिधित्व कार्यक्रममा अपाइ भएका युवाहरुमा एसआरएचको बारेमा भएको चेतनाको तह, एसआरएचका आवश्यकता र उनीहरुको एसआरएच सेवाहरुमा पहुँच र प्रयोग गर्दा सामना गर्नुपरेका अवरोधहरुको बारेमा महत्वपूर्ण जानकारी प्रदान गरिएको थियो ।

अपाइ भाका व्यक्तिहरुको आवश्यकता परिपूर्तिका लागि निर्ति र कार्यक्रमहरु आवश्यक रहेको समेत जानकारी गराईएको थियो । सेन्टरले गत वर्ष पनि अपाङ्गता भएका व्यक्तिहरुको यौन तथा प्रजनन सम्बन्धमा तथ्यांक सार्वजनिक गर्ने कार्य सम्पन्न गरेको थियो । संचालन नेत्रहीन युवा संघका महासचिव रामचन्द्र गैह्रेले गरेका थिए ।

अपाङ्गतामा यौन तथा प्रजनन् चेतनाको स्तर कम

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ चैत्र ।

अपाइ भएका युवाहरुमा यौन तथा प्रजनन चेतनाको स्तर कमी भएको पोखरामा आयोजित एक कार्यक्रममा औल्याईएको छ। मेरी स्टोप्स इन्टरनेशनलको आयोजनामा भएको 'नेपालका अपाङ्गता भएका युवाहरुको यौन तथा प्रजनन स्वास्थ्यका आवश्यकताहरु' विषयक एक दिने अन्तर्किया तथा परामर्श कार्यक्रममा सहभागी सरोकारवालाहरुले यस्तो औल्याएका हो । उनीहरुमा परिवार नियोजनका समग्र आधुनिक तरिकाहरु र गर्भपतनको कानुनी व्यवस्थाको बारेमा चेतनाको स्तर कम रहेको तथा यसबारे गलत धारणा समेत रहेको मेरी स्टोप्सका को-अर्डिनेटर शुष्मा थापाले बताइन । कार्यक्रममा उठेका प्रश्नहरुको जवाफ दिँदै थापाले परिवार नियोजनका अस्थाई तथा स्थाई उपायहरुको बारेमा जानकारी दिइन । 'अस्थाई साधनहरु प्रयोग गर्दा मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर गर्छ भन्ने गलत धारणा समाजमा अझै छ' उनले भनिन् । यौन अधिकार र प्रजनन क्रियामा अपाङ्ग र सबलाङ्ग भन्ने विभेद नै हुन नहुँनेमा उनले प्रष्ट पारिन् ।

मेरी स्टोप्स तथा स्वास्थ्य सम्बन्धि सेवा प्रदायक संस्थाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सजिलै पहुच पुग्न नसकेकोले पनि गलत धारणा कायम रहेको सहभागिहरुको गुनासो थियो । १८ वर्ष उमेरदेखि ४० वर्षसम्मका व्यक्तिहरु सहभागी भएका यस कार्यक्रममा ३० जना युवाहरु सहभागी थिए ।

रुद्रबहादुरलाई जीबसिम साहित्य

पोखरा ८ चैत्र ।

मगर भाषाका आदिकवि जीतबहादुर सिंजालीमगरको नाममा स्थापित मगर आदिकवि जीतबहादुर सिंजालीमगर साहित्य प्रतिष्ठान, काठमाडौंले हरेक वर्ष प्रदान गर्दै आएको मगर साहित्य विधामा दिइने सर्वाधिक राशिको राष्ट्रिय पुरस्कार 'जीवसिम साहित्य पुरस्कार-२०७१'बाट वेदान्त कविरत्न रुद्रबहादुर थापामगर । हितान समर्पित हुने भएका छन् ।

यही वैत्र २९ गते काठमाडौंमा आयोजना हुने विशेष कार्यक्रममा वेदान्त कविरत्न ५० हजार रुपैयाँ नगद र सम्मानपत्रद्वारा सम्मानित हुनेछन् । कास्कीको पोखरा-७, एयरपोर्ट निवासी वेदान्त कविरत्न थापा विगत ३२ वर्षदेखि साहित्य र २७ वर्षदेखि पत्रकारितामा क्रियाशील छन् । वेदान्त कविरत्नका नेपाली भाषामा ६ वटा कविता संग्रह, ३ वटा निबन्ध संग्रह, १ वटा गीत काव्यसहित दुई साहित्यिक कृति प्रकाशित छन् । त्यस्तै, 'जीवसिम नवप्रतिभा साहित्य पुरस्कार-२०७१'बाट मिरुल-५, वाइपी, रोल्पाका युवा साहित्यकार समीप वैरागी (टकबहादुर झिकीमगर) सम्मानित हुने भएका छन् । वैरागी १० हजार रुपैयाँ नगद र सम्मानपत्रसहित सम्मानित हुनेछन् ।

त्यसैगरी, नेपाल मगर संघका पूर्व अध्यक्ष एवं पूर्व मन्त्री गोरेबहादुर खपाङीमगरलाई 'जयबहादुर हितानमगर स्मृति पुरस्कार-२०७१'बाट सम्मानित गरिने भएको छ । पूर्वमन्त्री खपाङीलाई २० हजार रुपैयाँ नगद र सम्मानपत्रसहित सम्मानित गरिनेछ । कार्यक्रमका अवसरमा नेपालकै पहिलो महिला सभामुख ओनसरी घर्तीमगर 'उषा'लाई पनि विशेष सम्मान गरिने प्रतिष्ठानका अध्यक्ष सञ्जोग लाफा मगरले जानकारी दिए ।

महिला हृयाण्डवलमा सहभागीहरुलाई बिदाई

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ चैत्र ।

यही चैत्र १४ गते देखि १७ गतेसम्म मित्र राष्ट्र पाकिस्तानको फैसालाबादमा आयोजना हुने अन्तर्राष्ट्रिय आमन्त्रित महिला हृयाण्डवल प्रतियोगितामा सहभागि हुने नेपाली राष्ट्रिय टिमलाई सोमवार एक समारोहका बीच विदाई गरिएको छ । राष्ट्रिय खेलकुद परिषदमा आयोजना भएको विदाई कार्यक्रममा परिषदका सदस्य सचिव केशव कुमार बिष्ट, नेपाल हृयाण्डवल संघका अध्यक्ष एवं दक्षिण एसियाली हृयाण्डवल महासंघका उपाध्यक्ष तेज बहादुर गुरुङ, संघका महासचिव सन्देश कुमार रेग्मी, कोषाध्यक्ष मिठाराम अधिकारी, मनोवैज्ञानिक प्रशिक्षक इन्द्र गुरुङले नेपाली खेलाडीहरु सहितको १८ सदस्य टोलीलाई आँवर तथा फुलमाला लगाएर सफलताको कामना गरेका हुन् । कार्यक्रममा चोन्दै राखेप सदस्य सचिव बिष्टले खेलकुदको विकासको लागि कुनै पनि अन्तरराष्ट्रिय प्रतियोगितामा खेलाडीहरुलाई सहभागि गराउन आफूरु कटिबद्ध भएको बताए। उनले भने 'हामीसँग पर्याप्त मात्रमा श्रोत साधन नभए पनि खेलाडीहरुको सिप तथा क्षमता अभिबृद्धिको लागि कुनै विकल्प खोजेरै भए पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन बाट वञ्चित गर्दैनौं ।" सागमा भएको खेलबाट राम्रो सिप यसपालीको प्रतियोगितामा देखाउन आग्रह गर्दै सहभागि हुन जान लागेका खेलाडीहरुको सफलताको कामना समेत गरे ।

खेलाडीहरुलाई खेलसँगै मनोवैज्ञानिक प्रशिक्षको आवश्यक भएको नेपाल हृयाण्डवल संघका अध्यक्ष गुरुङले बताए । खेलाडीहरुलाई मनोवैज्ञानिक प्रशिक्षक इन्द्र गुरुङले आवाज, अनुभव र चित्रणका विषयमा केन्द्रीत गरी कुनै पनि खेलको समय अवधिमा एकै रफ्तारमा खेल खेल्न आग्रह गर्दै नेपालीहरुमा खेलमा धेरै काँहि जित्ने खेलमा हार व्यहोर्नु परेको समेत बताए । रन्जना राईकी कप्तानिमा १४ जना खेलाडी राष्ट्रिय टिममा रहेका छन् भने उक्त नेपाली टिमको मुख्य प्रशिक्षक जिवन बहादुर वस्नेत, प्रशिक्षक टेक बहादुर विक, व्यवस्थापकमा प्रविन कुमार ठोकर तामाङ रहेका छन । आगुर गर्दै सहभागि हुन जान लागेका खेलाडीहरुको सफलताको कामना समेत गरे ।

खेलाडीहरुलाई खेलसँगै मनोवैज्ञानिक प्रशिक्षको आवश्यक भएको नेपाल हृयाण्डवल संघका अध्यक्ष गुरुङले बताए । खेलाडीहरुलाई मनोवैज्ञानिक प्रशिक्षक इन्द्र गुरुङले आवाज, अनुभव र चित्रणका विषयमा केन्द्रीत गरी कुनै पनि खेलको समय अवधिमा एकै रफ्तारमा खेल खेल्न आग्रह गर्दै नेपालीहरुमा खेलमा धेरै काँहि जित्ने खेलमा हार व्यहोर्नु परेको समेत बताए । रन्जना राईकी कप्तानिमा १४ जना खेलाडी राष्ट्रिय टिममा रहेका छन् भने उक्त नेपाली टिमको मुख्य प्रशिक्षक जिवन बहादुर वस्नेत, प्रशिक्षक टेक बहादुर विक, व्यवस्थापकमा प्रविन कुमार ठोकर तामाङ रहेका छन । आगुर गर्दै सहभागि हुन जान लागेका खेलाडीहरुको सफलताको कामना समेत गरे ।

दूधबाट पैंतालीस लाख आम्दानी

म्याग्दी ८ चैत्र ।

म्याग्दी जिल्लाको सिङ्गाका कृषकले दुध बेचेर गाउँमा वार्षिक लाखौं रुपैयाँ भित्र्याउन गरेका छन् । बेनी नगरपालिका-९३ र १४ मा पर्ने सिङ्गाका कृषकले दुधबाट पछिल्लो एक वर्षको अवधिमा रु पैंतालीस लाख भित्र्याएका हुन् । सिङ्गामा रहेको जनभावना दुध सहकारी संस्थामा आबद्ध कृषकले दैनिक २४० लिटरका दरले दुध बिक्री गर्दै आएका छन् ।

कृषकबाट दुध सङ्कलन गरेर सदरमुकाम बेनीमा निकासी गर्दै आएको सो संस्थाले २०७१ चैतदेखि २०७२ साल फागुनसम्म ९१ हजार २४० लिटर दुध बिक्री गरेका छन् । कृषकबाट प्रतिलिटर रु ५० देखि रु ५३ का दरले दुध खरिद गर्दै आएको संस्थाले यही चैत महिनादेखि प्रतिलिटर रु पाँच मुल्य बढाएको अध्यक्ष कोपीलाल पौडेलले जानकारी दिए । उक्त संस्थामा आबद्ध ३३ जना कृषकले उत्पादन गरेको दुध सङ्कलन गरेर विहान र बेलुकी सदरमुकाम बेनीका डेरीमा लगेर बिक्री गर्ने व्यवस्था मिलाइएको छ । एकजना कृषकले दैनिक ३० लिटरसम्म दुध बेच्ने गरेका छन् । दुध बेचेर एकजना कृषकले मासिक रु ७५ हजारसम्म आम्दानी गर्ने गरेका छन् । हकारीले चार वर्षदेखि दुध सङ्कलन केन्द्र सञ्चालन गर्दै आएको छ । रासस

बंगुरको अत्याधुनिक बधस्थल दुई ठाउँमामात्र

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ चैत्र ।

पर्यटकीय शहर पोखरामा अझैपनि मासु काट्नका लागी बध स्थल निर्माण हुन सकेको छैन । पोखरामा पाइने अधिकांश मासुहरु खुल्ला आकाशमा मनपरी ढंगले बध गरेर प्रयोगमा ल्याइने गरेका छन् । वेला–वेलामा पोखरा उपमहानगरपालिकाले बध स्थल निर्माणको कुरा गर्ने गरेको भएतापनि अझैसम्म कहिले बन्ने हो भन्ने निश्चित छैन ।

सरकारी तवरबाट यसको कुनै सुनुवाइ नभएपनि निजी स्तरमा भने पोखराको दुईठाउमा बंगुरलाई लक्षित गरेर बध स्थल निर्माण गरी सञ्चालनमा ल्याइएको छ । तलिममा सहभागीहरुले विशेष गरी लाइभस्टक प्रा.लि. रिठेपानी र यती लाइभस्टक प्रा.लि. मझेरीपाटनले प्याक्टको सहयोगमा निजी स्तरमानै पोखरामा पहिलोपटक बध स्थलको निर्माण गरेका हुन । यी दुई फार्म हाउसले बंगुरलाई लक्षित गरी बधस्थल सञ्चालनमा ल्याएका हुन । यो बधस्थलाई सञ्चालन गरी पोखरा र आसपासका क्षेत्रमा बंगुरलाई अत्याधुनिक तवरले बध गर्न र बंगुरको मासुलाई विभिन्न तरिकारले बंगीकरण गर्नका लागी सोमबारदेखि पोखरामा तीन दिने मासु काट्ने तालिममो शुरु भएको छ । पोखरा १४ मझेरीपाटनमा



रहेको यति लाइभस्टक प्रा.लि.को बध स्थलमा सुरु भएको तालिममा नेपाल भरका २० जना बंगुरपालक किसानहरु सहभागी रहेका छन् । तालिममा सहभागीहरुले विशेष गरी बंगुरको बध र बंगुरको मासुको भागहरुको बंगीकरण र मासुबाट बन्ने परिकार निर्माणका बारेमा जानकारी लिनेछन् ।

सिप्रेड सामर्थको आयोजना र युकें एडको सहकार्यमा सञ्चालित तालिममा पुम नेदरल्याण्डसका सिनियर एक्सपर्ट पीटर कोनिडले सहजीकरण गरेका छन् । नेपालमा बेला बेलामा आयोजना हुने तालिमकको सहजीकरण गर्दै आइरहेका पीटर कोनिडले यस्ता तालिमले बंगुर पालक किसान सगै फ्रेस हाउस सञ्चालकहरुलाई फाइदा हुने बताए । अझैपनि नेपालमा मासु काटन प्रयोग हुने बध स्थलको निर्माण हुन नसक्नु दुखद कुरा भएको बताउदै कोनिडले निजी स्तरमा सञ्चालित फार्महरुको बधशालमा प्रयोग गरी मासु काटन सके ग्राहकहरुले गुणस्तरी मासु पाउन सक्ने उनको भनाइ रहेको थियो ।

तालिमका अर्का सहजकर्ता आयोजक संस्था सिप्रेड सामर्थका लाइभस्ट पोर्टफुली एडभाइजर डाक्टर नन्द प्रसाद श्रेष्ठले सिप्रेडले वेला वेलामा नेपालका बंगुरपालक किसानहरुलाई बधस्थलको बारेमा तालिम दिदै आइरहेको र सोही सन्दर्भमा पोखरामा तालिमको आयोजना गरिएको बताए । अझैपनि बंगुरलाई बध गर्दा अत्याधुनिक तवरले नभइ पुरानै तरिकारले गरिरहेको सन्दर्भमा यो तालिमले ठूलो सहयोग पुग्ने उनको भनाइ रहेको थियो । तालिममा विशेषगरी बंगरको बध गर्ने र बध गरिसकेपछि मासुबाट कस्ता किसिमका परिकारहरु बनाउन सकिन्छ भन्ने बारेमा सैद्धान्तिक र व्यवहारिक रुपमा सहजीकरण गरिने श्रेष्ठले बताए ।

तालिममा सहभागी थापा फ्रेस हाउस पोखराका सञ्चालक राजु थापाले आफूले कोरियामा पनि बध र मासु निर्माण सम्बन्धी तालिम लिएको भएतापनि आफ्नै ठाउमा तालिम हुनु खुसीको कुरा रहेको बताए । उनले भने –अझैपनि नेपालमा खुल्ला आकास मुनि स्याउला, प्लाष्टिक ओछ्याएर मासु काट्ने चलन छ यसरी बध स्थलमा मासु काट्ने बानीको विकास गर्न सके ग्राहकलाई रोजेको जस्तो मासु उपलब्ध गराउन सकिने छ । पोखरामा भर्खरमात्र बध स्थल सञ्चालनमा ल्याएपछी र आफ्नो फ्रेस हाउसले बध स्थलबाट उत्पादन गरिएको मासुको बिक्री गर्दै आइरहेको थापाले बताए ।

बंगुरमा मात्र नभइ अन्य जनावरहरुको पनि बध स्थलको निर्माण गरी बध गर्न सकेको खण्डमा ग्राहकले स्वस्थ मासु र अझै अनुसारका मासुको परिकार पाउन सक्ने ठाए । त्यसैले यसबारेमा सम्बन्धीत निकायले सोच्न जरुरी देखिन्छ ।

स्टेप वाई स्टेपमा पुरस्कार वितरण, नीलगिरिमा बिदाई

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ चैत्र ।

स्टेप वाई स्टेप उमाविमा मासवार पोखरामे कक्षा १२ तर्फको पुरस्कार वितरण कार्यक्रम सोमवार सम्पन्न गर्यो । वर्षभरि तर्फ भएका खेलकुद, अतिरिक्त क्रियाकलाप र पढाइमा प्रथम द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो । उच्च माध्यमिक शिक्षा परियदद्वारा लिइएको २०७२ को कक्षा ११ को बोर्ड परीक्षामा यस विद्यालयबाट विज्ञान संकायमा ८३ प्रतिशत अंक ल्याई प्रथम हुन सफल भएका सुरज अर्याल, द्वितीय हुन सफल सुमन पौडेल र तृतीय हुन सफल साजन लामिछाने र व्यवस्थापनपर्फ क्रमशः प्रथम , द्वितीय र तृतीय हुन सफल प्रशान्त वराल, सविन वराल र अशोक क्षेत्री लाई पुरस्कार प्रदान गरिएको थियो । स्पोर्ट मिटमा छात्र र छात्रा भलिवल, टेवल टेनिस बास्केट वल आदि खेलमा विजयी विद्यार्थीहरु पुरस्कृत गरिएको थियो । त्यसैगरि विजयी हाउस आइन्टाइनलाई सिल प्रदान गरिएको थियो । कार्यक्रम विद्यालका प्रधार्य निर्मला वरालले विजय

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. ५०२.२ मेगाहर्जमा सुन्न
Log on :
www.goldennews.com.np

विद्यार्थीहरुलाई बधाई एवं शुभकामना दिदै विद्यालयले पढाइका साथै खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई पनि महत्व दिएर कार्यक्रम गरेको बताइन । कार्यक्रममा निर्मला वराल, रमाकान्त वराल र कक्षा १२ सह–संयोजक सञ्जय वरालले पुरस्कार वितरण गरेका थिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं विद्यालका संस्थापक निर्देशक रमाकान्त वरालले साभा पतित्वमा सम्पन्न कार्यक्रको सञ्चालन सूर्यप्रसाद लम्सालले गरेका थिए

यसैगरी पोखराको न्यारोस्थित नीलगिरि बोर्डिङ स्कुलले एसएलसी परीक्षामा सहभागी हुने विद्यार्थीहरुलाई विदाई गरेको छ । विद्यालयमा सोमबार आयोजित एक कार्यक्रममा विद्यालयका संस्थापक राम गुरुङले विद्यार्थीलाई आगामी सफलताको शुभकामना व्यक्त गर्दै मायाको चिनीद्वारा विदाई गरेका हुन् । उनले एसएलसी परीक्षामा वरालु, रमाकान्त वराल र कक्षा १२ सह–संयोजक सञ्जय वरालले पुरस्कार वितरण गरेका थिए। विद्यालय बहुन विद्यार्थीहरुलाई आग्रह गरे । कक्षा ९ को विद्यार्थीहरुद्वारा आयोजित कार्यक्रममा कक्षा १० का विद्यार्थीहरु बालकृष्ण शर्मा, पूजा शर्मा, कृष्ण गिरीका साथै शिक्षकहरु नारायण जिसी, वसन्त सिग्देल, अमृत सुवर्णकार एवं कक्षा ९ का विद्यार्थीहरु सीता शर्मा, निश्चा श्रेष्ठ, आयुषा मुल्मी र सृष्टिना लामिछाने लगायतले बोलेका थिए ।

ग्लोवल लेकसिटी लायन्समा सुवेदी



गोल्डेन न्यूज संवाददाता
पोखरा ८ चैत्र ।

लायन्स क्लब अफ पोखरा ग्लोवल लेक सिटीको निर्वाचन सम्पन्न भएको छ । निर्वाचनवाट लायन वर्ष २०१६/१७ का लागि कुलदीप सुवेदी अध्यक्षमा निर्वाचित भएका छन् । क्लबको प्रथम उपाध्यक्षमा विलिपकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा गिरिधारी शर्मा, तृतीय उपाध्यक्षमा महेश्वर सुवेदी, सचिवमा गंगाविलास लोहनी, सह–सचिवमा सन्जिव श्रेष्ठ, कोषाध्यक्षमा रामचन्द्र लामिछाने र सह–कोषाध्यक्षमा प्रितम अधिकारी रहेका छन् ।

यसैगरी टेमरमा रेशमलाल श्रेष्ठ, टेलर्डीष्टरमा दान बहादुर बस्नेत, फाईनान्स डाईरेक्टरमा टेक नारायण रेग्मी, पिआरओमा देवेन्द्र पौडेल र मेम्बरशिप डाईरेक्टरमा सूर्य चपाई निर्वाचित भएका छन् । लायन्स नियमावली अनुसार पदाधिकारीको कार्यकाल एक वर्षमात्र हुनेछ ।

क्लबका निवर्तमान अध्यक्ष सन्तोषकुमार श्रेष्ठ संयोजक र सन्तोष अर्याल, ज्ञानबहादुर तामाडको निर्वाचन कोमटीले निर्वाचन सम्पन्न गरेको थियो । नयाँ पदाधिकारी एवं सदस्यहरुलाई भाई एवं शुभकामना व्यक्त गर्दै क्लबका संस्थापक अध्यक्ष हरिराज पन्तले लायन्सको मर्म एवं धर्मलाई ख्याल गरि नयाँ र रचनात्मक कामका साथ अघि बढ्न सुझाव दिए ।

कविता दिवसमा कवि गोष्ठी

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ चैत्र ।

पोखरेली युवा सस्कितिक परिवारले विश्व कविता दिवसको सन्दर्भमा विशेष कवि गोष्ठी सम्पन्न गरेको छ । साथै हरेक महिनाको पहिलो शनिवार सञ्चालन गर्दै आएको समता काव्य सन्ध्याको २७३ औं श्रृङ्खला शनिवार पोखरामा सम्पन्न भयो । युनेस्कोले सन् १९९९ मा मार्च २१ लाई विश्व कविता दिवसको रुपमा घोषणा गरी सन् २००० मा औपचारिक रुपमा विशेष कार्यक्रम गरेको थियो नेपालमा सन् २००२ देखि मनाउन सुरु गरिए पनि पोखरामा सन्दर्भ पारेर विशेष कवि गोष्ठी पोयुसंपि मनाएको हो ।

गोष्ठीमा कविवर तेजनाथ घिमिरेले वि.सं. २०१२ सालमा पहिलो पटक सरस्वती सदनमा कविता वाचन गरेको र २०२२ सालमा कवितामा स्वर्ण पदक पाएको स्मरण गर्दै निरन्तर साधनाले नै हाम्रा कवितारुप विश्व स्तरमा टक्कर दिने हुनु सक्छन् भने । नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष वद्रीविनोद प्रतीकले ४० वर्षसम्म परिवारले निरन्तर आफ्नो गतिविधि गर्दै काव्यिक मञ्च प्रदान गर्नु आफैमा कविताको कोलाज भएको बताए । नयाँ पुस्ताले अन्तर्राष्ट्रिय स्तरकी चेतनायुक्त रचना सिर्जनामा जोड दिनुपर्छ भने ।

अन्जेरियाली कवि ताहेर जाउद, जर्मनीका कवि वेरुत आदिका कालजयी कविताबारे कविवर तेजनाथ घिमिरे, डा. चैतन्य अधिकारी, मदन भण्डारी, डा. वलराम उपाध्याय रेग्मी, जीवनसागर भण्डारी, डा. वसन्त गौतम, ई. कौशलचन्द्र ज्ञि.सी., सर्वज्ञ श्रेष्ठ, मन क्षेत्री, अनन्तजीत, सुर्य खड्का विचुर्ची, शरण आनु, सरस्वती श्रेष्ठ सह, पडड्गज घिमिरे, रामलाल बाटाजु, भरत कोइराला, जनक दुलाल, रामकुमार श्रेष्ठ, अम्बिका भण्डारी, किटिन्ना गुरुङ, गोविन्द पराजुली, अजय अनमोल, लक्ष्मण बास्तोला चिन्तन, विष्णुप्रसाद पराजुली, र लगायतका कविहरुले आफ्ना सिर्जनाहरु वाचन गरेका थिए । परिवारका सहसंचिव सुरज उपाध्यायले स्वागत मन्तव्यसहित विशेष रचना अन्तर्गत वडगाली कवि नित्यानन्दको "आज देशमा" कवितालाई प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष सुरेश गनाभाटको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन संचिव अर्जुन अधिकारीले गरेका थिए ।

आज रङ्गीन पर्व होली मनाइँदै

काठमाडौं ८ चैत्र ।

प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमाका दिन मनाइने रङको चाड फागुपूर्णिमा पहाडी भेगमा आज र तराई भेगमा बुधवार भव्यताका साथ मनाइँदैछ । वसन्त ऋतुको आगमनको उल्लासमरी फागुन महिनामा मनाइने यो चाड मानिसले एक अकोमाथि विभिन्न प्रकारका रङ हालेर एकअर्कालाई रङ्गिन बनाएर मनाउँछन् । नेपालमा प्रचलित विभिन्न संस्कृतिमध्ये फागुपूर्णिमा आफ्नै विशिष्टता बोकेको संस्कृति भएको संस्कृतिविद् हरिराम जोशी बताउछन् । होली खेल्ने दिनभन्दा एक दिन पहिला राति होलिका दहन गरिन्छ । राति होलिका दहन गरिसकेपछि विहान पानीमा रङ घोलेर एकअर्कामाथि फाल्ने प्रचलन प्राचीन कालदेखि चलिआएको हो । स–साना बच्चादेखि वृद्धवृद्धासम्म सबैले होलीको मजा लिने गर्दछन् ।

होलीको दिन पुरानो कटुता समाप्त गरेर र दुस्मनी बिर्सेर एकआपसमा खुसी साटने दिनका रुपमा मनाइन्छ । फागुपूर्णिमाका अवसरमा पहाडदेखि तराई र गाउँदेखि सहरसम्मका केटाकेटी, युवायुवती तथा ढोढका हुल तथा जत्था हातमा रङ र रङ्गिन घोल पदार्थ लिएर गाउदै, बजाउदै, रमाइलो र होहल्ला गर्दै उत्साह र उमङ्गका साथ रङ्गीन पर्वका रूपमा मनाउने गरिन्छ ।

फागुन शुक्ल अष्टमीको दिन काठमाडौंको वसन्तपुर दरबार अगाडि चिर (विशेष रूपले सजाएको लिङ्गो गाडेपछि होली सुरू भएको मानिने यो पर्व पूर्णिमाको रातमा उक्त चिर डालेर जलाएपछि समाप्त भएको टलिन्छ । फागुन शुक्ल अष्टमीको दिन भैरवनाथ मन्दिरमा राखिएको लिङ्गालगालिई टोलटोलमा पसलेपिच्छे घुमाएर पूजा गरी पुनःमन्दिरको पाटीमा राखिने परम्परा छ । सत्ययुगमा भगवान् विष्णुका भक्त प्रल्हादलाई मार्नका लागि हिरण्यकश्यपुले विभिन्न जाल बुन्दा पनि मार्न नसकेपछि हिरण्यकश्यपुले आगोवाट नजन्ने, ननमने वरदान पाएपछि होलिकाले प्रल्हादलाई काखमा लिएर आगोमा बस्न लगाउँदा भक्त प्रल्हादलाई केही नभएको तर होलिका जलेर नष्ट भई असत्यमाथि सत्यको विजय भएको उपलक्ष्यमा यो पर्व मनाइने गरिएको हो । होलीमा प्रयोग गरिने रङको आ आफ्नै महत्व रहेको पाइन्छ । नीलो रङलाई धर्मयुद्धको प्रतीक मानिन्छ भने पहेंलो रङ भगवान् विष्णु र श्रीकृष्णको प्रिय रङ हो । भगवान् गणेशलाई सबै रङ मनपर्ने तथा रातो रङलाई शक्ति र सौभाग्यको सूचक मानिन्छ । रमस

राहदानी हरायो

मिति २०७२/०९/०१ गते पोखराको महेन्द्रपुलपाट लामाचौर जाने कममा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : खुशीमाया पुन
ठेगाना : पोखरा–२,कास्की
राहदानी.नं. : ०८०९७९३१
सम्पर्क : ९८०६६१२९४९

राहदानी हरायो

मिति २०७२/०९/०२ गते पोखरको महेन्द्रपुलपाट, सिरो कि.मि. जाने कममा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम :नारायण प्रसाद अधिकारी
ठेगाना : सराङ्कोट–९,कास्की
राहदानी.नं. : २९६७३३४
सम्पर्क : ९८४९८४३९४८

बैंक ट्यालेन्स

बैंक ट्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६५१०६६०२

तु–अवश्यकता

पोखराको पालिखोधोकमा रहेको श्रद्धा सरस्वती पुस्तक पसलका लागि केही पुस्य कर्मचारी आवश्यक परेको हुनाले एसएलसी उत्तीर्ण/+२ वा सो सरह र अनुभवी इच्छुक र इमान्दार व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।

श्रद्धा सरस्वती पुस्तक पसल
ताप्लाकार भक्तआलमार्ग पालिखोधोक
फोन : ०६१–५४७७०१

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल इस्पायराका साथै सिपेकको समस्या साधान , वाटर प्रुफिङ् गरिन्छ ।
फोन : ०६१–४३०१९४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

पोखरामा पहिलो पटक
योनिद्धुंक : लिङको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विशेष किसिमको हर्बल स्पिरिचुअिलाइट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, सुनाइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश भर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन स्प अनुल (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Builde घटाउन (More Slim)
शाही नदिई जाँड रक्सी धुरोट, खैनी, गाँजा तथा हुक्स छुटाउन।
दाँड तथा जोनी दुवाई ठिक पार्न, सस्तो सुधा पेसलिन।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) खुर्पेड, पोखरा
061-539070, 9856035331, 9804122919

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा दृरिष्ट बस टिकट चाहिएमा साबै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

विदेश जानेहरुका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin वुर्ख र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्र.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन गैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :-
तयारी कक्षा छमाछम चलिरहेकोछ ।
०स्तरप्राप्ततिर उत्तीर्ण गराउन सफल ०आफ्ने मेनपावर कम्पनीबाट छाँसिल गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं ३०,
फोन:०६१–४००२२, मो. ९८४५०–४१९२

वाया, पोतो र डण्डिफोर Bye Bye
वाया, पोतो, डण्डिफोर र मस्किंयालाई एक हप्तामा नै हटाइलुका साथै गोरोपना बढाउने
यही Orginal Korean Cosmetic Product पाइन्छ ।
साधना मोटोपन घटाउने र बढाउने पनि ।
केपाल भर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपालल्याई ५ मिनेटमा नै काली बनाउने
महिनामा नै ५–३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार । Skin Test गरिन्छ ।
म्याग्निटिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
यदि नदिइ जाड, रक्सीका साबै धुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालमा नं १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
थिप्लेढुङ्गा, पोखरा–७, फोन: ९८४६५४७९८८, ०६१–५२७९४४
(भाडा इम्प्लायिमको ठ्याक्कै छा ढुकलेक्स भण्डा दुई घर तल)

प्रो. बद्री के.सी. : ९८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ९८४५६०३९८७२
प्रो. राजेश के.सी. : ९८४५६०३७३१०
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा–१२, फोन : ०६१–५२५४४६, ५२७३०४
शुभ–विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ् पनि छ ।)

सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudhabi मा Spark Middle East Star Skill Force, UAE मा DPS, कतारको Group-4 लगायत अन्य कम्पनीहरुमा सेक्यूरिटी गार्डका साथ सुपरभाइजर, अफिसर, अफिसी सहायक सुपरभाइजर पदमा Diplomatic सेक्यूरिटी गार्ड तालिम, अंग्रेजी भाषा र सम्पकमुखी मार्शल सम्बन्धित सुरक्षाका हुनुपर्नेछ हुनुपर्ने योग्यता १० उत्तीर्ण र उमेर २१ देखि ३५ वर्ष सम्म हुनुपर्नेछ ।
तयारी कक्षा छमाछम
सम्पर्क
आमोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि.

अनेक समस्या सफल उपचार
ज्यादिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भोलिम हुकार आउने जस्तो सुकै पुरानो म्याग्टिकको सफल उपचार ।
योन रुगाश्या: लिङ स्खलन, उत्तेजना नहुने, लिङ चिलाउने, स्वपन दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी नहुनेदी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाह कमर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहनामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिवाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- काली छायी पोतो, इण्डिड्फोर, डाम धब्बा, मस्किया काठी, पाउरफिल हटाई पूरै शरिर गोरो बनाउने ।
दुईवटा कुराको गरेपछि पालिखोधोकको भाग्ने कोही पाइन्न गारेन्टी ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, झ्याल, झ्याउ, दाह कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
सितल आयुर्वेद फर्मा
एभरेष्टचोक, पोखरा, मुरलिनगर विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१–५३९८६७, ०६–१२२१४४८, मो. ९८४६९३७४९८

राष्ट्रिय पोर्क महोत्सव सकियो

गोल्डेन न्युज संवाददाता
पोखरा ८ चैत्र ।

दोश्रो राष्ट्रिय पोर्क महोत्सव सकियको छ । पोर्क स्वस्थ सेतो मासु भन्ने मूल नाराका साथ पोखरा रंगशालामा आयोजित महोत्सवको पशुपंक्षी मन्त्रालयका राज्यमन्त्री नरदेवी पुनले समापन गरेकी थिइन । समापन समारोहमा बोर्दी राज्यमन्त्री पुनले मन्त्रालयले ६ महिना भित्रमा मासु ऐन कार्यान्वयन गरेर छाड्ने बताइन ।

पशुपालक किसानहरुले पशुपालन आ आफ्नै तरिकाले गरिरहेको सन्दर्भमा अभैपनि सरकारी स्तरबाट बध स्थल र मासु एनकी कार्यान्वयन हुन नसक्दा कृषकहरुले उचित लाभ लिन नसकेको उनको भनाइ रहेको थियो । त्यसैगरी किसानहरुलाई सरल ब्याजदरमा कर्जा प्रवाह गर्नका लागि आफ्नो मन्त्रालयले बैङ्हरुसंग सहकार्य गरेर अगाडि बढ्ने समेत उनले प्रतिबद्धता व्यक्त गरिन ।

त्यस्तैगरी सांसद वृन्दा राना मगरले बंगुरपालन पेशालाइ सरकारले अभैपनि हेरिरहेको बताउदै भूकम्प र नाकाबन्दीले यो पेशालाई प्रत्यक्ष असर गरेको बताइन । यसबारेमा सरकारले ध्यान दिएर सहुलियत ब्याजदरमा ऋण प्रदान गरी व्यवसायिक कृषिलाई अगाडि बढाउनुपर्नेमा उनको जोड रहेको थियो ।

बंगुर व्यवसायी संघ कास्कीका अध्यक्ष छयाम बहादुर थापा मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बंगुर व्यवसायी संघ नेपालका अध्यक्ष उमेश कुमार राई, जिल्ला पशु सेवा कार्यालय कास्कीका प्रमुख राकेश प्रजापति, व्यवसायी सूर्य प्रसाद पौडेल र सिताराम भण्डारीले पनि बोलेका थिए ।

चैत्र ५ देखि ७ सम्म सञ्चालित महोत्सवमा ४६ वटा स्टल रहेका थिए भने जसमा १० वटा रेष्टुरेण्ट रहेका थिए । महोत्सवमा विशेष गरी बंगुरको मासु र मासुबाट बन्ने परिकारको तालिम लिनेको भीड लागेका थियो भने स्थानीय तथा राष्ट्रिय स्तरका लोकदोहोरी कलाकार मार्फत दोहोरी गीत प्रस्तुत गरिएको थियो ।



फोटोग्राफरहरु भ्रमणमा जाने

गोल्डेन न्युज संवाददाता
पोखरा ८ चैत्र ।

पोखरा फोटोग्राफर संघ संग आवद्ध फोटोग्राफरहरु नेपालको सुदुरपश्चिमको भ्रमणमा जाने भएका छन् पोखरा फोटोग्राफर संघ पोखरा,नेपालको आयजनामा यही चैत्र ९ देखि चैत्र १३ गते सम्म आन्तरिक पर्यटन प्रवद्धन गर्ने उद्देश्ले मध्यपश्चिम तथा सुदुर पश्चिमाञ्चलका पर्यटकीय क्षेत्रहरुको अवलोकन भ्रमण गरिने भ्रमण टोली का संयोजक तथा कार्य समिति सदस्य रामचन्द्र पोखरेलले बताए ।

आन्तरिक पर्यटन को विकास सरी सदस्यहरुबीच मैत्रीपूर्ण सम्बन्ध प्रगाढ बनाउँदै र फोटोग्राफी विकासका लागि यस्ता भ्रमणहरु फलदायी हुनेमा आफू विश्वस्त रहेको पोखरा फोटो ग्राफर संघका अध्यक्ष गुरुप्रसाद तिवारीले बताए । भ्रमण टोलीले वर्दिया राष्ट्रिय निकुञ्ज, धनगढी, महेन्द्रनगरका साथै टनकपुर, शाही शुक्लाफाट, ठाकुरद्वारा लगायतको धार्मिक एवं पर्यटकीय क्षेत्रको अवलोकन गर्ने भएको छ । पोखरा फोटोग्राफर संघको वार्षिक कार्य योजना अनुसार सदस्यहरुको फोटोग्राफी विपको विकासमरी आन्तरिक पर्यटन प्रवद्धनमा भ्रमण फलदायी हुने संघका निर्वतमान अध्यक्ष दुर्गा प्रसाद पौडेलले जानकारी दिए ।

मुख स्वास्थ्य दिवसमा नि:शुल्क दन्तपरीक्षण

गोल्डेन न्युज संवाददाता
पोखरा ८ चैत्र ।

कान्तिपुर डेण्टल हस्पिटल पोखराले विश्व मुख स्वास्थ्य दिवसको अवसरमा पोखरामा कार्यरत केही पत्रकारहरुको निःशुल्क दन्त परीक्षण तथा उपचार गरेको जनाएको छ । हस्पिटलमा कार्यरत ४ जना चिकित्सकहरु डा. सन्दीपा काफले, डा. पुनम तामाङ, डा. विनिता बजाचार्य र डा. सुजना ओझासहितको टोलीले पत्रकारहरुका साथै उपचारार्थ आउने सर्वसाधारण लाई सेवा दिएका थिए ।

उपचारमा संलग्न डा. सन्दिपा काफलेले दाँत परीक्षणका क्रममा अधिकांश पत्रकार र सर्वसाधारणको दाँतमा फोहोर जमेको, हर्पा भएको र दाँतेकीरा सम्बन्धी समस्या देखिएको गोल्डेन न्युज दैनिकलाई बताइन । स्वस्थ मुख भए शरीर स्वस्थ हुन्छ भन्ने कुरालाई व्यवहारमा उतार्नुपर्ने भन्दै डा. काफलेले दाँत राम्रोसँग सफा नभएपछि त्यहाँ अड्किएको खानेकुरा नै फोहोर मै लाखो रुपमा रहने र त्यसबाट नै दाँतेकीरा लगायत अन्य समस्या आउने बताइन । मुखको अवस्था हेरेर नै शरीरमा के-कस्ता रोगको प्रभाव छ भन्ने बुझ्न सकिने भएकोले मुखलाई सकेसम्म सफा गर्नुपर्ने उनले स्पष्ट पारिन् ।

हरेक वर्ष मार्च २० तारेखमा विश्व मुख स्वास्थ्य दिवस मनाइँदै आएअनुरुप पोखरामा रहेको कान्तिपुर डेण्टल कलेजले यो वर्ष पोखरामा क्रियाशील रहेका सञ्चारकर्मीहरुको लागि निःशुल्क मुख स्वास्थ्य परीक्षण गरिएको जनाइएको छ। हस्पिटलको र जना चिकित्सक र ८ जना हाइजेनिस्टको टोलीले पत्रकारहरुको मुख स्वास्थ्य परीक्षण र आवश्यक उपचार गरेको हस्पिटलकी व्यवस्थापक सिता श्रेष्ठले बताइन । देश र जनताका लागि अहोरात्र खट्दै पत्रकारहरुको मुख स्वास्थ्य रामो भएमात्र समाजलाई सही सूचना र चेतना फैल्याउन मद्धत पुग्ने हुनाले यो वर्ष पत्रकारहरुको लागि निःशुल्क परीक्षण र उपचारको व्यवस्था मिलाइएको श्रेष्ठले बताइन् ।

पोखरामा झण्डै डेढ दशक अघि स्थापित कान्तिपुर डेन्टल हस्पिटलले विगत ५ वर्षदेखि न्युरोडस्थट आफ्नै भवनबाट सेवा दिइरहेको छ । अस्पतालमा दैनिक करिब ४० जना दाँतका विरामीहरु उपचारका लागि आउने गरेको हाइजेनिस्ट लक्ष्मी श्रेष्ठले बताइन । कान्तिपुर इन्स्टिच्युट अफ हेल्थ एण्ड साइन्सको रुपमा संचालन भइरहेको उक्त हस्पिटलमा डेण्टल साइन्सको सर्टिफिकट तहको पढाइ समेत हुने गरेको छ ।

'जिश्म' फिल्म सुटिङ टोली तारेखमा रिहा

गोल्डेन न्युज संवाददाता
पोखरा ८ चैत्र ।

बिना अनुमति चलचित्र छायाङ्कनको आरोपमा पकाउ परेका अर्चना पनेरु सहितको टीम तारिखमा छुटेका छन् । पोखरामा 'जिश्म' फिल्म सुटिङ गर्दै गर्दा नियन्त्रणमा लिइएको उनीहरुलाई बुधवार आवश्यक कागजपत्र सहित उपस्थित हुने गरी तारिखमा छोडिएको प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनालीले जानकारी दिए ।

'पोर्न स्टार' बन्ने लक्ष्य सहित चर्चामा आएकी पनेरुलाई लिएर फिल्म निर्माण गर्न लागेका निर्देशक राजु गिरीले अनुमतिनै नलिई छायाङ्कन गरेको भन्दै नियन्त्रणमा लिन चलचित्र विकास बोर्डले पत्राचार गरेको थियो । सोही पत्रका आधारमा प्रशासनको निर्देशन अनुसार प्रहरीले सबै सुटिङ युनिटलाई नै नियन्त्रणमा लिएको थियो । सोमबार पोखराको खास्टे मसिनामा सुटिङ गर्दै गर्दा बडा प्रहरी कार्यालय रामबजारबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई नियन्त्रणमा लिएर प्रशासनको जिम्मा लगाएको थियो । चलचित्रका निर्देशक गिरीलाई बोर्डबाट इजाजत लिएको प्रमाण सहित उपस्थित हुन भनिएको छ । फिल्म छायाङ्कनमा प्रयोग भएका सबै सामाग्री स्थानीय प्रशासनले नियन्त्रणमा लिएको छ । 'बिना अनुमति अश्लिल फिल्म छायाङ्कन हुँदैछ भन्ने सूचनाको आधारमा हामीले नियन्त्रणमा लिएका हौं,' प्रमुख जिल्ला अधिकारी मैनालीले भने-'बुधबार आवश्यक प्रमाण लिएर आए छोड्नेछौं तत्र कानून अनुसार कार्वाही हुनेछ ।' कास्की प्रहरी प्रमुख घनश्याम अर्यालले अनुमति बिना अश्लिल फिल्म सुटिङ हुँदैछ भन्ने सूचनाको आधारमा नियन्त्रणमा लिएर प्रशासनको जिम्मा लगाएको बताए ।



पोखरामा स्टेशन राख्दै सिम्रिक एयर

पोखरा ८ चैत्र ।(गोल्डेन)

सिम्रिक एयरलाइन्सले पोखरामा सिफिकको हेलिकप्टरको स्टेसन राख्ने भएको छ । पोखराको पर्यटन र अन्य सेवासाई अन्यमा राख्ने केहि दिन पछि पोखरामा हेलिकप्टर स्टेसन राख्न लागेको सिम्रिक एयरलाइन्सका व्यस्थापन प्रमुख दिलबहादुर ओलीले जानकारी दिए । उनले पोखरामा एउटा हेलिकप्टर राख्ने र त्यसैले सेवा दिने बताए । 'कम्पनीमा अहिले दुई वटा हेलिकप्टर छन्,' ओलीले भने,-'दुई हप्तामा थप एउटा हेलिकप्टर आउँदै छ, त्यस पछि पोखरामा सेवा सुरु गर्ने छौं ।' उनले केहि महिना थप हेलिकप्टर आए पछि नेपालमा चारवटा हेलिकप्टरबाट सेवा दिने बताए नयाँ आउने दुई वटा हेलिकप्टर अमेरिकन हेलिकप्टर भएको बताए । पोखरामा स्टेसन राखे पछि सस्तो प्याकेज ल्याउने बताए । उनले पोखरा माउन्टेन फल्लाइट, पोखरा साइडसिनका प्याकेज ल्याउने बताए । उनले त्यसै गरि पोखराबाट मनाङको तिलिचो ताल, मुस्ताङको मुक्तिनाथ मन्दिर, रारा ताल, फोक्सुन्डो ताल, दामोदर कुण्ड लगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रलाई लक्ष्यित गरे प्याकेजको व्यवस्था गरेको उनले बताए । पोखरामा एउटा सिम्रिक एयरको कार्यालय खोल्ने तयारी रहेको उनले बताए । पोखरामा स्टेसन राखेर संचालन गर्न कतिको सम्भावना छ भने बारेमा अध्ययन गरि रहेको कम्पनिका फाइनान्स प्रमुख बचन जोशीले जानकारी दिए । अध्ययनका क्रममा राम्रो सम्भावना देखेको उनले जानकारी दिए । उनले पोखराबाट काठमाडौं विरामी लैजानु पर्दा पनि पहिलेको भन्दा छिटो हुने बताए ।

युवा आन्दोलनलाई उत्पादनसंग जोड्न आग्रह

गोल्डेन न्युज संवाददाता
पोखरा ८ चैत्र ।

नेकपा एमाले कास्कीका सचिव दामोदर बैरागीले नेकपा एमालेका कार्यक्रम सबै उत्कृष्ट हुनुपर्ने बताएका छन् । उनले जनतालाई दुःख दिने भन्दा सहजता दिने गरि काम गर्न आग्रह गरे ।

पोखरा उपमहानगरपालिका वडा नम्बर १७, २५ र २७ सम्पन्न अधिवेशनबाट निर्वाचित युवा संघका पदाधिकारीलाई शुभकामना दिन आयोजित कार्यक्रममा चौदै उनले युवा संघले नेपाली युवा आन्दोलनलाई अगुवाई गर्नुपर्ने बताउदै अब युवा आन्दोलननलाई उत्पादनसंग जोड्दर अगाडि बढाउन सुझाव दिए । उनले जनताको बहुदलीय जनवादबाट निर्देशित एमाले कार्यकर्ता सधै श्रेष्ठता हासिल गर्ने गरि अगाडि बढनुपर्ने बताए । एमाले सचिव माधव बास्तोलाले युवा संघले गलत कुरालाई खबरदारी गर्नुपर्ने बताए । उनले अब युवा आन्दोलननलाई परिमार्जन गर्दै उत्पादनसंग जोडर आर्थिक विकासमा लाग्नुपर्नेमा जोड दिए । एमाले निर्वाचन आयोग कास्कीका अध्यक्ष विष्णु पुनले निर्वाचित बडाका पदाधिकारीले जिम्मेवारी पूर्वक भूमिका निर्वाह गर्दै समाज रुपान्तरण र परिवर्तनको दिशामा लाग्नुपर्नेमा जोड दिए । उनले युवा संघ नेपाली युवा आन्दोलनको मूल प्रवाह भएकाले युवाका मुद्धालाई प्राथमिकताका साथ उठान गर्नुपर्ने बताए ।

सेभेन ए साईड फुटबलको तयारीमा युवासंघ

पोखरा ८ चैत्र ।

युवा संघ कास्कीको आयोजनामा दोश्रो युवा संघ कास्की कप खुल्ला सेभेन ए साईड फुटबल प्रतियोगिता हुने भएको छ । प्रतियोगिता चैत्र २५ देखि वैशाख १ गतेसम्म लेखनाथको भण्डारीडिक स्थित प्रस्तावित रंगशालामा संचालन हुने युवा संघ कास्कीका अध्यक्ष विष्णु पुनले जानकारी दिए । स्वस्थ युवा, स्वच्छ समाज भन्ने नारासहित संचालन हुने प्रतियोगिताको तयारी तीव्र पारिएको प्रतियोगिता संयोजक नविन पुनले बताए । प्रतियोगितामा करिब ४० टिमले सहभागिता जनाउने अपेक्षा गरिएको बताइएको छ । प्रतियोगिताको विजेता टीमले १ लाख ११ हजार १ सय ११ रुपैया सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन भने उप-विजेता टीमले नगद ५५ हजार ५ सय ५५ रुपैया प्राप्त जिल्ने छ । प्रतियोगिमा उत्कृष्ट खेलाडी र सर्वाधिक गोलकर्ता खेलाडीलाई नगद ५ हजार, मेडल र प्रमाणपत्र प्रदान गरिने संयोजक पुनले बताए । त्यस्तै अनुशासित टिमलाई मायाको चिनो र प्रमाणपत्रको व्यवस्था गरिएको संघले जनाएको छ । प्रतियोगिताको माध्यमबाट अनुशासित र क्षमतावान खेलाडीहरु उत्पादन गर्नु मुख्य उद्देश्य रहेको संघ कास्कीका अध्यक्ष नविन पुनले बताए । 'युवाहरुलाई खेलकुदको माध्यमबाट अनुशासित बनाउँदै दक्ष बनाउनु हाम्रो उद्देश्य हो ।' उनका अनुसार खेलकुदको माध्यमबाट खेलाडीहरु बीच परिचय गराउनुका साथै क्षेत्रीय र राष्ट्रियस्तरमा पहिचान गराउनु रहेको छ । प्रतियोगिता सम्पन्न गर्न करिब १४ लाख ३० हजार खर्च लाग्ने अनुमान आयोजकले गरेको छ । उक्त रकम विभिन्न संघ-संस्था र व्यवसायिक फर्म र व्यक्तिहरुबाट संकलन गरिने संयोजक पुनले जानकारी दिए ।

तु-अवश्यकता

पोखराको चिप्लेढुङ्गास्थित पोखरा ट्रेडमलमा रहेको मिसा कोरियन पसलका लागि ३ जना महिला कर्मचारी आवश्यक परेको हुनाले कम्प्युटर र कोरियन ल्याङ्ग्वेज जानेका इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।

तलब : आपसी समझदारीमा (आकर्षक)

मिसा कोरियन पसल, पोखरा ट्रेडमल, चिप्लेढुङ्गा
फोन : ०६१-४१७००६, ९८४१६३६६२

के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।

महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गडबडी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, इण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेतो दुबीका साथै अन्य चर्मरोगहरु ।

महिला वा पुरुषमा हुने (बाँझोपन) मि :सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पाइल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिशा बस्दा गाछी हुने, मलद्वार इःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ८ ०० बजेदेखि बेलुकी ५ ०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८५९४, ९८४६०४१५३१, ९८०४१७२५३१
नयाँ तथा पुराना विरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

WANTED

PARICHAY ADVERTISING

SN	Post Title	Req. No.
1	Helper	3
2	Welder	3
3	Receptionist	1
4	Cash Collector (F)	1
5	Supervisor (Idea in Measurement and bike riding)	1
6	H.R. Manager	1
7	Flex Machine Operator	1

Priority For Vehicles Holders
Salary: Attractive Payment
Duty Time 10Am - 6 Pm
Visit with your CV within 10th Chaitra
Tel: 061-532221, 9856057570
advertising.parichay@gmail.com



सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अंगधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता मुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२६२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा